मिति : २०७५ साल जेष्ठ २३ गते
समय : दिनको ..................०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको चौधौ बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | अनुपस्थित |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | दस्तखत |

निर्णय नं.१.

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम धनकुटा नगरपालिकालाई प्राप्त अधिकार र जिम्वेवारी सम्पादनका धनकुटा नगरपालिकालाई आवश्यक देखिएका विभिन्न ऐन कानुन निर्माणका लागि धनकुटा नगर कार्यपालिकाको मिति २०७४।१२।२४ गतेको वैठकवाट गठित विधान मसौदा समितिलाई तोकिएको जिम्वेवारी अनुसार मसौदा समिति मार्फत तयार भई विद्येयक समितिको बैठकमा निर्णय भई पेश भएको देहाय वमोजिमका कानूनहरु संग सम्वन्धित विद्येयकहरु उपर छलफल गरि मिति २०७५।२।२४ गतेको नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिलः

१. धनकुटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५ (दफा–४)

२.धनकुटा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) विधेयक, २०७५ (परिच्छेद –१०, दफा ९३, अनुसूची–१५)

३. धनकुटा नगरपालिकाको सहकारी विधेयक, २०७५ ( परिच्छेद –१९, दफा–१०४, अनुसुचि विधेयक–२)

४. धनकुटा नगरपालिकाको आर्थिक कार्यविधि विधेयक, २०७५ (परिच्छेद –७, दफा–३१)

५.स्थानीय कृषी व्यवसाय प्रवर्द्धन विधेयक, २०७५ (परिच्छेद –७, दफा–३७, अनुसुचि–२)

निर्णय नं.२

धनकुटा नगरपालिकाको आ.व.२०७४।०७५ को अनुमानित आय रु ४६,१०,४७,०००।– भएकोमा अन्तिम लेखा परिक्षण प्रतिवेदन अनुसार अन्तीम वैक मौज्दातामा थप रकम, समुदायको सहभागिता रकम, समाज कल्याण कार्यक्रमवाट प्राप्त रकम, शसक्त अनुदानमा थप वजेट प्राप्त भएको कारणले तपशिल वमाजिम वजेट परिमार्जनका लागि नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

कुल वजेट : रु ५१,२९,४२,८००।–

पुजिगत तर्फ :रु २४,०१,२६,८००।–

चालु तर्फ :रु २७,२८,१६,०००।–

न्यून वजेट :रु ८७,००,००,०००।–

निर्णय नं.३:

धनकुटा नगर कार्यपालिकाको मिति २०७४।०६।०९ गते देखि मिति २०७५।२।२४ गते सम्म भएको नगर सभा समक्ष पेश गर्नु पर्ने सम्पुर्ण निर्णयहरुलाई अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४:

धनकुटा नगर क्षेत्रमा शिक्षा क्षेत्रमा गुणस्तरीयता कायम गर्नका लागि मिति २०७५।०१।२१ गतेका दिन धनकुटा नगरपालिका प्रमुख, उपप्रमुख, स्थानीय तहमा क्रियासिल राजनैतिक दलका प्रतिनिधि, नगर शिक्षा समितिका पदाधिकारी र सामुदायीक विद्यालयका प्रधानध्यापकहरुको संयुक्त बैठकवाट जारि गरिएको प्रतिवद्धता पत्रलाई स्वीकृतिका लागि नगर सभा बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५:

मिति २०७४।१२।१८ गते भएको धनकुटा नगपालिकामा वालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणा सम्वन्धी अभुमुखीकरण कार्यक्रमावाट मिति २०७६ साल चैत्र मसान्त सम्ममा धनकुटा नगरलाई वालमैत्री नगर घोषणा गर्ने भनी प्रतिवद्धता भए वामोजिम आगामी आ.व.मा तत् सम्वन्धि निति तथा कार्यक्रमहरु बनाई कायन्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.६:

धनकुटा नगर क्षेत्रमा विस्तारित खानेपानीको गुणस्तर सुधार एवं खानेपानी मुहानको जलधारा क्षेत्र संरक्षणको लागि धनकुटा खानेपानी तथा सरसफाई उपभोक्त समिति संग आवश्यक छलफल गरि मुहान क्षेत्र संरक्षण सम्वन्धी विशेष कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ :

धनकुटा नगर सभाको मिति २०७५ साल जेष्ठ २४ गते दिनको १.०० वजे देखी हुने दोश्रो अधिवेशन बैठकको कार्यतालिका स्वीकृत गरी आजको बैठक समापन गरियो ।